# शिखर इन्स्योरेन्स कम्पनी लि.

## २१औं वार्षिक साधारण सभाको

## निर्णय विवरण

लाभांसको रुपमा कम्पनीको जगेडा कोषबाट वितरण गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो। यस सम्बन्धमा अन्य आवश्यक कार्य गर्नका लागि तथा खण्डित शेयरलाई माथिल्लो नजिकको अकंमा परिणत गर्दा तथा शेयर अनुपात कायम गर्दा शेयर संख्या थपघट गर्न नगद लाभांस सम्बन्धमा अन्य आवश्यक निर्णय गर्न संचालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय सम्पूर्ण शेयरधनीहरुबाट सर्वसम्मतीबाट पारित गरियो।

२.२ **कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे।**

कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धि विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो।

२.३ **कम्पनीको चुक्ता पूँजी सम्बन्धमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे। संशोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे।**

उपरोक्त विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने तथा संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो।

**१०. धन्यवाद ज्ञापन**

कम्पनीको २१ औं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी २१ औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो।

सुरज राजवाहक
कम्पनी सचिव

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

गौरव अग्रवाल
अध्यक्ष

१. **वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको २१औं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूको सभापतित्वमा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०८२ पौष २९ गते मंगलबार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १:०० बजे सम्पन्न भयो ।

२. **सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८२ पौष २९ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा कम्पनीको वेबसाइटमा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराइएको र संक्षिप्त आर्थिक विवरण सहित साधारण सभाको सुचना मिति २०८२ पौष ५ गते र २०८२ पौष १२ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी गराइएको थियो ।

३. **(क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री गौरव अग्रवाल | अध्यक्ष |
| २. श्री रमेश कुमार लुईंटेल | संचालक |
| ३. डा. श्रुजना श्रेष्ठ | संचालक |
| ४. श्री सौरभ ज.ब.राणा | संचालक |
| ५. श्री स्कन्द अमात्य | संचालक |
| ६. श्री अश्माङक कार्की | संचालक |
| ७. श्री पुष्कर महत | स्वतन्त्र संचालक |

**(ख) पर्यवेक्षक :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधि

२. श्री सिडिएस एण्ड क्लियरिङ लि.बाट प्रतिनिधि

३. श्री जि.पि.राजबाहक एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स बाट प्रतिनिधि

४. **सभाको गणपुरक संख्या :**

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ३१,७५८ | ६६४ | २ |
| शेयर संख्या | २,९२,३०,९९० | १,६०,०६,१८८ | ५४.७६ |

शिखर इन्स्योरेन्स

## ५. छलफलका विषयहरुको सूची :

**छलफलका विषयहरु**

**सामान्य प्रस्ताव**

१.१ आ.व.२०८१।८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व.२०८१।८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.३ आ.व.२०८२।८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

१.४ संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ०.३१५८ प्रतिशतका दरले नगद लाभांश रु. ९,२३१,१४७ (अक्षरेपी रु. बयानब्बे लाख एकतीस हजार एक सय सत्चालिस मात्र) पारित गर्ने बारे (प्रस्तावित लाभांशको कर प्रायोजनार्थ) ।

१.५ कम्पनीको सर्वसाधारण शेयरधनीहरुका तर्फबाट मिति २०७७।१२।९ मा निर्वाचित संचालक श्री दिनेश बज्र बज्राचार्य तथा श्री स्कन्द अमात्यको संचालक पदको पदावधि समाप्त भएपश्चात् आगामी वार्षिक साधारण सभासम्मको लागि पदावधि थप गर्ने सम्बन्धमा कम्पनीको संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने तथा संचालक श्री दिनेश बज्र बज्राचार्यज्यूको राजिनामा पश्चात् मिति २०८२।०५।१५ गते सम्पन्न संचालक समितिको बैठकबाट श्री आश्माङ्क कार्कीलाई आगामी वार्षिक साधारण सभासम्मको लागि संचालक पदमा नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने बारे ।

१.६ कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सर्वसाधारण समूह "ख" का शेयरधनीबाट निर्वाचित हुने २ (दुई) संचालकका लागि प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

१.७ विविध

**विशेष प्रस्ताव**

२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ६ प्रतिशतका दरले रु. १७५,३८५,९४० (अक्षरेपी रु.सत्र करोड त्रिपन्न लाख पचासी हजार नौ सय चालिस मात्र) को बोनस शेयर पारित गर्ने बारे ।

२.२ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने बारे ।

२.३ कम्पनीको चुक्ता पूँजी सम्बन्धमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संशोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको

शिखर इन्स्योरेन्स क.

र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूलाई सभाको सभापतित्व ग्रहण गर्नका लागि अनुरोध गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको २१ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई सभापति श्री गौरव अग्रवालज्यूले स्वागत गर्नुभयो । साधारण सभाका सभापति श्री गौरव अग्रवालज्यूले आफ्नो संक्षिप्त मन्तव्य सहित कम्पनीको वर्तमान अवस्था विगत आर्थिक वर्षको उपलब्धिहरु, कम्पनीको संचालक समितिबाट सम्पादन भएका कार्यहरुका साथै कम्पनीको भावी योजनाहरु बारेमा संक्षिप्त जानकारी प्रदान गर्नुभयो ।

## ८. छलफलको लागि आह्वान :

सभाका सभापतिज्यूले आ.व.२०८१।८२ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

साधारण सभामा निम्न शेयरधनी महानुभावहरुबाट आफ्ना जिज्ञासा तथा सुझावहरु पेश गर्नुभयो ।

क. श्री सत्रुघन श्रेष्ठ
ख. श्री ब्यास कुमार शाक्य
ग. श्री दामोदर रेग्मी
घ. श्री सुदिप श्रेष्ठ
ङ. श्री ब्रम्हदेव शाक्य
च. श्री कुबेर श्रेष्ठ

लिखित रुपमा सुझाव

छ. श्री जगनाथ आचार्य
ज. श्री उत्तम दत्त पाण्डे
झ. श्री चन्द्र नारायण श्रेष्ठ
ञ. श्रीमती निरुपमा गुप्ता
ट. श्री नर्सिङ लाल चंखु
ठ. श्री रामजी प्रसाद पण्डित
ड. श्री दिवाकर खडका
ढ. श्री बैजु नाथ रौनियार
ण. श्री युगल बसेल
त. श्री भेषराज भण्डारी
थ. श्री इन्द्र प्रसाद लामिछाने
द. श्री लक्ष्मण बहादुर श्रेष्ठ
ध. श्री गोविन्द बहादुर के.सी
न. श्री सुरेन्द्र चिमौरिया

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

शेयरधनी महानुभावहरु प्रस्तुत जिज्ञासा तथा सुझाव

**क. श्री सत्रुघन श्रेष्ठ**

कम्पनीले १३ प्रतिशत बजार हिस्सा सहित रु. ५७९ करोडको बीमा शुल्क संकलन गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो । आगामी वर्षहरुमा समेत निरन्तर व्यवसाय विस्तारको लागि शुभकामना प्रदान गर्नुभयो । इका नेपालबाट प्राप्त एए माइनसको रेटिङ तथा साफा बेस्ट प्रेजेन्टेड अवार्ड कार्यक्रममा पुरस्कार प्राप्त गर्न सफल भएकोमा बधाई दिनुभयो । प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुको लगनशिलताको कारण कम्पनी उच्च स्थानमा रहन सफल भएको र वित्तीय अवस्था सबल रहेका र वित्तीय सुचाकंहरुमा अब्बल रहेको हुँदा हार्दिक बधाई ज्ञापन गर्नुभयो । कोरोना बीमा दाबीको यथाशक्य नेपाल सरकारबाट भुक्तानी गर्नका लागि आवश्यक समन्वय गर्नका लीग नेपाल बीमा प्राधिकरण तथा नेपाल सरकार समक्ष अनुरोध गर्नुभयो ।

**ख. श्री ब्यास कुमार शाह**

देशको विषम आर्थिक परिस्थितिमा समेत कम्पनीले आफ्नो जोखिम व्यवस्थापनलाई सबल बनाउँदै लग्नुका साथै कम्पनीको व्यवसायमा समेत आकर्षक विस्तार गरेको जानकारी गराउनुभयो । कम्पनीको यस आर्थिक वर्षको वार्षिक प्रतिवेन विस्तृत रुपमा तयार गरिएको जानकारी गराउनुभयो । बैंक व्याजदर घटेको अवस्थामा लगानी आम्दानी कम हुने कारण दिर्घकालिन लगानीमा ध्यान दिनका लागि अनुरोध गर्नुभयो । बीमा कम्पनीहरुले रेटिङ गर्न बाध्यकारी नभएतापनि कम्पनीले इका नेपालबाट रेटिङ गरि एए माइनसको रेटिङ प्राप्त गरेको र अन्य विभिन्न पुरस्कारहरु प्राप्त गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो । कम्पनीको ब्यालेन्स सिटको साइज र रिजर्भमा भएको वृद्धिले कम्पनी वित्तीय रुपमा सबल भएको जानकारी गराउनुभयो । कम्पनीको सेवालाई डिजिलाइज गर्दै जानुभएकोमा धन्यबाद प्रदान गर्नुभयो । आगामी समयमा सम्भाव्यताको अधारमा मात्र शाखा विस्तार गर्न अनुरोध गर्नुभयो । नयाँ बीमा सेवाहरुको विकासका लागि रिसर्च कार्यलाई विस्तार गर्न सुझाव प्रदान गर्नुभयो ।

**ग. श्री दामोदर रेग्मी**

कम्पनीबाट प्रस्ताव गरिएको बोनस शेयरका लागि धन्यबाद प्रदान गर्नुभयो । आगामी वर्षहरुमा दोहोरो अंकको लाभांस प्रदान गर्न सुझाव प्रदान गर्नुभयो । कम्पनीको बीमा शुल्कबाट प्राप्त फण्डलाई उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नका लागि अनुरोध गर्नुभयो । हवाई बीमाको बीमा व्यवसाय विस्तारमा रणनीति बनाउनको लागि अनुरोध गर्नुभयो । बोनस शेयर पश्चात चुक्ता पुँजी रु.३१० करोड पुग्ने र वृद्धि हुने चुक्ता पुँजीमा समेत दोहोरो अंकको लाभांस प्रदान गर्नका लागि सुझाव प्रदान गर्नुभयो ।

**घ. श्री सुदिप श्रेष्ठ**

संचालक समितिबाट ६ प्रतिशतको बोनस शेयर प्रस्ताव भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीको सुशासनको अवस्था राम्रो रहेको र दुई दशक भन्दा बढी समयको इतिहास भएको यस कम्पनीले विगतमा पनि उच्चस्तरको लाभांस प्रदान गर्दै आएको जानकारी गराउनुभयो । १३ प्रतिशतको बजार हिस्सा सहित सर्वाधिक व्यवसाय गर्न सफल भएको तथा थप तीन बीमालेखहरुको सुरुवात गर्न सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । हवाई बीमाको व्यवसाय वृद्धि गर्न सुझाव दिनुभयो । बीमा अनुदानको कारण कृषि बीमा घट्न गएकोमा नेपाल सरकारबाट सम्पूर्ण कृषि बीमाको लागि अनुदान प्रदान गर्न अनुरोध गर्नुभयो । आगामी वर्षमा समेत साधारण सभा पौष महिना भित्रै सम्पन्न गर्नका लागि सुझाव प्रदान गर्नुभयो ।

**ङ. श्री ब्रम्हदेव शाक्य**

इका नेपालबाट एए माइनसको रेटिङ प्राप्त गर्न सफल भएकोमा बधाइ ज्ञापन गर्नुभयो । पौष महिना भित्रै साधारण सभा सम्पन्न गर्न सफल भएकोमा धन्यबाद प्रदान गर्नुभयो । बोनस शेयर तथा कर प्रायोजनका लागि नगद लाभांसको प्रस्ताव गर्नु भएकोमा धन्यबाद प्रदान गर्दै उक्त प्रस्तावको समर्थन गर्नुभएको जानकारी गराउनुभयो ।

वार्षिक प्रतिवेदन तथा संचालक समितिको प्रतिवेदन यथार्थपरक रहेको जानकारी गराउनुभयो । कम्पनीको सोल्भेन्सी मार्जिनमा भएको वृद्धि तथा व्यवसायमा भएको वृद्धि उत्साहजनक रहेको र आगामी वर्षहरुको व्यवसायियक लक्ष्य सराहनीय रहेको जानकारी गर्नुभयो । कम्पनीको सिएसआर कार्यक्रम अन्तर्गत राष्ट्रिय पुननिर्माण कोषमा समेत रकम जम्मा गर्न सुझाव प्रदान गर्नुभयो । सभाको सम्पूर्ण प्रस्तावहरु उपर अफ्नो समर्थन रहेको जानकारी गराउनुभयो ।

**च. श्री कुबेर श्रेष्ठ**

हालको विषम आर्थिक अवस्थामा समेत ६ प्रतिशत बोनस शेयर प्रस्ताव गरिएकोमा धन्यबाद प्रदान गर्नुभई बोनस शेयरलाई आगामी दिनहरुमा पनि निरन्तरता दिन सुझाव प्रदान गर्नुभयो । रु.६ करोडमा स्थापना भएको कम्पनीको चुक्ता पुँजी रु.३ अर्वभन्दा अधिक भैसकेकोमा पशन्नत व्यक्त गर्नुभयो । नियमनकारी निकायबाट चुक्ता पुँजी वृद्धि गर्ने सम्भावना रहेको कारण आगामी वर्षहरुमा पनि बोनस शेयरलाई निरन्तरता दिन आग्रह गर्नुभयो । इक्रा नेपालबाट एए माइनसको रेटिङ लगायत अन्य पुरस्कार प्राप्त गर्न सफल भएकोमा प्रशन्नता व्यक्त गर्नुभयो । कम्पनीको वार्षिक प्रतिवेदन वृहत भएको र कम्पनीको वार्षिक प्रतिवेदनबाट बीमा क्षेत्रको सम्पूर्ण जानकारी प्राप्त हुने, कम्पनीको प्रमुख सुचांकहरु तथा सम्पूर्ण विवरण वार्षिक प्रतिवेदनमा उल्लेख भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । १५ रुपैयाँको इपिएस भएकोमा कम्तीमा १० प्रतिशतको लाभांस दिनुपर्नेमा जिज्ञासा राख्नुभयो । आर्मीमा जस्तै रणनीति बनाई व्यवसाय गर्न सुझाव दिनुभयो । कम्पनीका कर्मचारीहरुको पारिश्रमिकमा समेत नियमित पुनरावलोकन गर्नका लागि अनुरोध गर्नभयो । आगामी वर्ष दोहोरो अंकको लाभांस प्रदान गर्नका लागि अनुरोध गर्नुभयो ।

**छ. श्री जगनाथ आचार्य**

विषम आर्थिक परिस्थितिमा समेत ६ प्रतिशतको बोनस शेयर प्रदान गर्नुभएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीको प्रमुख वित्तीय सुचांकहरु राम्रो रहेको तथा कम्पनीले प्राप्त गरेको विभिन्न पुरस्कारहरुबाट कम्पनीको संस्थागत सुशासन सबल रहेको प्रष्ट हुने जानकारी गराउनुभयो । कम्पनीबाट भएको सामाजिक उत्तरदायित्व सम्बन्धि खर्चहरुको नियमित अनुगमन गर्न सुझाव प्रदान गनुभयो । कम्पनीको फण्डलाई मुद्धती निक्षेपमा मात्र नभई दिर्घकालीन महत्वको लगानीका क्षेत्रहरुमा समेत लगानी गर्न सुझाव प्रदान गर्नुभयो ।

**ज. श्री उत्तम दत्त पाण्डे**

देशको समग्र आर्थिक अवास्थामा आएको शिथिलताका बाबजुद कम्पनीको प्रमुख वित्तीय सुचाकंहरु सबल र सुदृढ देखिएको जानकारी गराउनुभयो । कम्पनीले प्राप्त गरेको विभिन्न अवार्ड तथा पुरस्कारहरुको लागि बधाई तथा धन्यवाद प्रदान गर्नुभयो । कम्पनीबाट भएका सामाजिक उत्तरदायित्व सम्बन्धि खर्चहरुका लागि धन्यबाद प्रदान गर्नुभई सभाको सम्पूर्ण प्रस्तावहरु उपर समर्थन रहेको जानकारी गराउनुभयो ।

**झ. श्री चन्द्र नारायण श्रेष्ठ**

यस वर्षको साधारण सभा पौष महिना भित्रै सम्पन्न गर्न सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीले यस वर्ष ६ प्रतिशत बोनस शेयर प्रस्ताव गरेकोमा संचालक समिति तथा कर्मचारी वर्गलाई धन्यबाद ज्ञापन गर्नुभयो । बीमा क्षेत्रको हरेक सुचांकमा अग्रणी स्थान हासिल गर्न सफल भएकोमा बधाई ज्ञापन गर्नुभयो ।

**ञ. श्रीमती निरुपमा गुप्ता**

बोनस शेयर तथा नगद लाभांसको लागि धन्यबाद प्रदान गुर्नहुँदै आगामी वर्ष थप आकर्षक लाभांस प्रदान गर्न अनुरोध गर्नुभयो । आगामी वर्ष पौष महिना अगावै वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि सुझाव प्रदान गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा क्षेत्रमा समेत कार्यहरु गर्न सुझाव प्रदान गर्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

**ट. श्री नर्सिङ लाल चंखु**

कम्पनीको वित्तीय अवस्था, व्यवसाय तथा नाफाको आवस्था सन्तोषजनक रहेको जानकारी गर्नुभयो । आगामी वर्षहरुमा शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्नका लागि योजनाबद्ध रुपमा कार्यहरु गर्नका लागि सुझाव प्रदान गर्नुभयो । बजारमुखी, नाफामुखी एवं परिणाममुखी व्यवस्थापनमा जोड दिएर व्यवस्थापनलाई सुदृढ बनाउन सुझाव प्रदान गर्नुभयो ।

**ठ. श्री रामजी प्रसाद पण्डित**

आगामी दिनहरुमा नगद लाभांस प्रदान गर्न सुझाव दिनुभयो । बजार सर्वेक्षण गरेरमात्र शाखा कार्यलयको विस्तार गर्न सुझाव प्रदान गर्नुभयो । बोनस शेयर प्रदान गर्दा खण्डित शेयरलाई पूर्ण अकंमा प्रदान गर्नका लागि सुझाव दिनुभयो । साधारण सभाको सम्पूर्ण प्रस्तावहरुमा आफ्नो समर्थन रहेको जानकारी गर्नुभयो ।

**ड. श्री दिवाकर खड्का**

६ प्रतिशतको बोनश शेयर प्रस्ताव सन्तोषजनक रहेको छ । शिखर इन्स्योरेन्स कम्पनी एक उत्कृष्ट बीमा कम्पनी हुँदा पनि पछिल्लो केही वर्ष यता कम्पनीको लाभांश घट्दै गइरहेको धारणा राख्नुभयो । कम्पनीको लगानी आम्दानी समेत घटेकोमा ध्यानाकर्षण गर्नुभयो । गत भाद्र २३ र २४ गतेको घटनाको दाबी भुक्तानी प्रकृया यथाशिघ्र सम्पन्न गराउनु हुन अनुरोध गर्नुभयो ।

**ढ. श्री बैजुनाथ रौनियार**

२०८१।८२ मा ६ प्रतिशत बोनश शेयर तथा ०.३१५८ नगद लाभांशका लागि धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीले आउने दिनमा अझ बढि सुधार गरि शेयरधनीहरुको हितको लागि कार्य गरिरहेको र भविष्यमा अझ बढि लाभांश दिनेतर्फ तत्पर रहेको जानकारी गराउनुभयो । वार्षिक साधारण सभाको सम्पूर्ण प्रस्तावहरुमा समर्थन जनाउनुभयो ।

**ण. श्री युगल बसेल**

६ प्रतिशत बोनश शेयरका लागि र समयमै वार्षिक साधारण सभा सम्पन्न गर्न सफल भएकोमा धन्यबाद प्रदान गर्नुभयो र आगामी वर्ष अन्य कम्पनीको साधारण सभासंग नजुध्ने गरी साधारण सभा सम्पन्न गर्न सुझाव प्रदान गर्नुभयो । वार्षिक प्रतिवेदनको आकार ठूलो भएकोले आगामी वर्ष पातलो प्रतिवेदन छाप्न अनुरोध गर्नुभयो ।

**त. श्री भेषराज भण्डारी**

यस वर्ष यस कम्पनीले ६ प्रतिशत बोनश कर सहित प्रस्ताव गरेकोमा खुशी व्यक्त गर्नुभई आगामी वर्ष पनि यस वर्षको बोनश दरमा नघट्ने गरि लाभांश प्रस्ताव गर्ने गरि कार्य योजना बनाएर अघि बढ्न सुझाब दिन दिनुभयो । कम्पनीको वित्तीय सुचांकहरु सन्तोषजनक देखिएको तर खुद नाफाको वृद्धिदर कम भएकोबारे ध्यानाकर्षण गर्नुभयो दाबी भुक्तानीको लागि समयमै क्षतिपूर्ति दिनसक्ने पुनर्बीमा कम्पनीसंग मात्र पूनर्बीमा गर्न सुझाव दिनुभयो । उत्पादन क्षेत्रमा लगानी गरि राम्रो प्रतिफल प्राप्त गर्ने गरि कार्य गर्नु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

**थ. श्री इन्द्र प्रसाद लामिछाने**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको आगामी वार्षिक सभा पौष महिनाको अन्तिम सम्म नपुर्‍याई सम्भव भएसम्म आर्थिक वर्षको पहिलो त्रैमासभित्रै सम्पन्न गर्नुहुन अनुरोध गर्नुभयो । ६ प्रतिशत बोनश शेयर र ०.३१५८ प्रतिशत कर प्रयोजनार्थ नगद लाभांश प्रदान गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभई आगामी वर्ष कमसेकम दोहोरो अंकमा नघट्ने गरि प्रतिफल आउने गरि कार्ययोजना बनाएर अघि बढ्न अनुरोध गर्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि.
* काठमाडौं *

**द. श्री लक्ष्मण बहादुर श्रेष्ठ**

कम्पनीले वार्षिक साधारण सभा समयमै गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । कम्पनीले आर्थिक वर्ष ८१।८२ मा शेयरधनीलाई ६ प्रतिशत बोनश र कर प्रयोजनको लागि ०.३२ प्रतिशत नगद लाभांश दिनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभई आगामी आ.व .मा लाभांश बढ्नेमा आशावादी रहेको जनाउनु भयो । कम्पनीको आर्थिक प्रतिवेदन बाक्लो देखिएकोले वार्षिक प्रतिवेदन तयार गर्दा मितव्ययिता अपनाउन सुझाव व्यक्त गर्नुभयो । साधारण सभामा पेश हुने सबै एजेण्डामा पूर्ण समर्थन जनाउनु भयो ।

**ध. श्री गोविन्द बहादुर केसी**

शेयरधनीहरुलाई ६ प्रतिशत बोनश शेयर र कर प्रयोजनका लागि नगद लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । बाढी पहिरो र भाद्र २३।२४ गतेको घटना पछि ननलाइफ इन्स्योरेन्सले भोग्न परेको आर्थिक अवस्थामा बीमा सेवालाई थप चुस्त बनाउँदै जान सुझाव प्रदान गर्नुभयो । आउँदा वर्षहरुमा शेयरधनीलाई कम्तीमा पनि डबल डिजिटको लाभांश दर प्रदान गर्न शिखर इन्स्योरेन्सको टिमले अवश्य पनि ध्यान दिनेछ र सफल हुनेछ भन्ने विश्वाश व्यक्त गर्नुभयो । वार्षिक साधारण सभामा राखिएका सम्पूर्ण प्रस्तावहरुमा पूर्ण समर्थन रहेको जानकारी गराउँनुभयो ।

**न. श्री सुरेन्द्र चिमौरिया**

विगत वर्षहरुमा यस कम्पनीले आकर्षक लाभांस प्रदान गर्दै आएको र यस वर्ष समेत ६ प्रतिशत बोनस शेयर प्रदान गरेकोमा धन्यबाद ज्ञापन गर्नुभयो । साधारण सभाको सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको जानकारी गर्नुभयो ।

**९. शेयरधनीहरुको जिज्ञासा उपर प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै सभाका सभापतिको अनुमतिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट शेयरधनी महानुभावहरुको जिज्ञासा तथा प्रश्नहरुको निम्नबमोजिमको जवाफ दिनुभयो :

- शेयरधनी महानुभावहरुबाट प्राप्त भएको सुझाव बमोजिम कम्पनीको व्यवसायिक रणनीति तथा लगानीको रणनीति बनाई अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।
- कम्पनीको चुक्ता पुँजीमा भएको वृद्धि तथा गत आ.व.मा परेको बाढीको दाबी तथा सो कारण पुनर्बीमा शुल्क र पुनर्बीमा कमिशनमा परेको प्रभावका कारण कम्पनीको नाफा तथा लाभांसमा असर परेको जानकारी गराउनुभयो । चालु आ.व.को भाद्र २३ र २४ गतेको घटनाको कारण परेको दाबीको प्रभाव चालु आ.व.को लाभांसमा पर्ने जानकारी गराउनुभयो । आगामी समयमा दोहोरो अंकको लाभांस प्रदान गर्नका लागि अग्रसर रहने प्रतिवद्धता व्यक्त गर्नुभयो र कम्पनीबाट भएका दिर्घकालिन लगानीहरुले कम्पनीको आगामी समयको लाभांस क्षमतामा सकारात्मक असर पर्ने जानकारी गर्नुभयो ।
- हवाई बीमा अन्तर्गत संस्थापक कम्पनीको बीमा गर्न नपाइने व्यवस्थाका कारण हवाई बीमाको बीमा व्यवसाय कम रहेको जानकारी गराउनुभयो ।
- कम्पनीले बलियो पुनर्बीमा नीतिका साथ जोखिम व्यवस्थापन गर्दै जाने जानकारी गराउनुभयो ।
- प्रचलित व्यवस्था बमोजिम खुद नाफाको ५० प्रतिशत बीमा कोष व्यवस्था कायम गर्नुपर्ने व्यवस्था रहेको कारण रु.१५ को प्रति शेयर आम्दानी भएतापनि लाभांस प्रतिशत कम भएको बारे जानकारी गराउनुभयो ।
- शेयरधनी महानुभावहरुबाट प्राप्त अन्य सुभावहरुको लागि धन्यबाद प्रदान गर्नुहुँदै प्राप्त सुझवाहरुबमोजिम नै रणनीति बनाई अगाडी बढने जानकारी गराउनुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

९. वार्षिक साधारण सभाका प्रस्तावहरु उपर सभाको निर्णय :

साधारण सभाको सभापतिज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेज्यूबाट साधारणसभाको छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु पारित गर्नका लागि सभासमक्ष प्रस्तुत गरिएकोमा सभाबाट देहायअनुरुप निर्णयहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरुतर्फ**

९.१ **आ.व.२०८१।८२ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।**

आ.व.२०८१।८२ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

९.२ **आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।**

आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

९.३ **आ.व.२०८२।८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।**

आ.व.२०८२।८३ को वित्तीय विवरणहरुको लेखापरीक्षण गर्नका लागि साविक लेखापरीक्षक श्री जि.पि.राजबाहक एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट्स योग्य हुनुभएकोले कम्पनीको लेखापरीक्षण समितिबाट लेखापरीक्षण शुल्कबापत (मु.अ.कर बाहेक) रु.१,०००,००० (अक्षरेपी रु दश लाख), कर लेखापरीक्षण शुल्क बापत रु.३०,००० (अक्षरेपी रु. तीस हजार ) र विस्तृत लेखापरीक्षण शुल्कबापत रु.३०,००० (अक्षरेपी रु. तीस हजार) भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्तिको लागि सिफारिस सहित प्रस्ताव भएकोबारे सभामा जानकारी गराइयो । यस प्रस्तावलाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

९.४ **संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ०.३१५८ प्रतिशतका दरले नगद लाभांश रु. ९,२३१,१४७ (अक्षरेपी रु. बयानब्बे लाख एकतीस हजार एक सय सत्चालिस मात्र) पारित गर्ने बारे (प्रस्तावित लाभांशको कर प्रायोजनार्थ) ।**

संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ०.३१५८ प्रतिशतका दरले नगद लाभांश रु. ९,२३१,१४७ (अक्षरेपी रु. बयानब्बे लाख एकतीस हजार एक सय सत्चालिस मात्र ) पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

९.५ **कम्पनीको सर्वसाधारण शेयरधनीहरुका तर्फबाट मिति २०७७।२।९ मा निर्वाचित संचालक श्री दिनेश बज्र बज्राचार्य तथा श्री स्कन्द अमात्यको संचालक पदको पदावधि समाप्त भएपश्चात् आगामी वार्षिक साधारण सभासम्मको लागि पदावधि थप गर्ने सम्बन्धमा कम्पनीको संचालक समितिको बैठकबाट भएको निर्णय अनुमोदन गर्ने तथा संचालक श्री दिनेश बज्र बज्राचार्यज्यूको राजिनामा पश्चात् मिति २०८२।०५।१५ गते सम्पन्न संचालक समितिको बैठकबाट श्री आश्माङ्ग कार्कीलाई आगामी वार्षिक साधारण सभासम्मको लागि संचालक पदमा नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने बारे ।**

कम्पनीको सर्वसाधारण शेयरधनीहरुका तर्फबाट मिति २०७७।२।९ मा निर्वाचित संचालक श्री दिनेश बज्र बज्राचार्य तथा श्री स्कन्द अमात्यको संचालक पदको पदावधि समाप्त भएपश्चात् आगामी वार्षिक साधारण सभासम्मको लागि पदावधि थप गर्ने सम्बन्धमा कम्पनीको संचालक समितिको बैठकबाट भएको निर्णय

शिखर इन्स्योरेन्स

अनुमोदन गर्ने तथा संचालक श्री दिनेश बज्र बज्राचार्यज्यूको राजिनामा पश्चात् मिति २०८२।०५।१५ गते सम्पन्न संचालक समितिको बैठकबाट श्री अश्माङ्क कार्कीलाई आगामी वार्षिक साधारण सभासम्मको लागि संचालक पदमा नियुक्त गर्ने बारे संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

१.६ **कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सर्वसाधारण समूह "ख" का शेयरधनीबाट निर्वाचित हुने २ (दुई) संचालकका लागि प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।**

यस प्रस्ताव सम्बन्धमा कम्पनीको संचालक निर्वाचन निर्देशिका २०६३ बमोजिम नियुक्त हुनु भएका निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदीज्यूबाट यस शिखर इन्स्योरेन्स कं. लि.को सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समुह(ख)को तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) सञ्चालक पदहरुको कम्पनीको २१औं वार्षिक साधारण सभा हुने मिति २०८२/०९/२९ गते हुने निर्वाचनमा निर्वाचन कार्यक्रम अनुसार तोकिएको मिति र समयमा सर्वसाधारण शेयरधनी समुह(ख)को तर्फबाट दुई सञ्चालक पदमा दुई जना उम्मेदवारहरुको मात्र उम्मेदवारी दर्ता भइ उम्मेदवारी कायम रहेकोमा निर्वाचन गर्नु पर्ने सञ्चालक पद संख्या र उम्मेदवारी दिनेको संख्या बराबर भएको हुँदा तपशिल बमोजिमका उम्मेदवारहरुलाई शिखर इन्स्योरेन्स कं. लि.को संचालक निर्वाचन सम्बन्धि निर्देशिका, २०६३ को दफा १३ बमोजिम शिखर इन्स्योरेन्स कं. लि.को मिति २०८२/०९/२९ गतेको २१औं वार्षिक साधारण सभामा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

| क.स. | निर्विरोध निर्वाचित हुनुभएका उम्मेदवारको नाम थर | शेयर धनी/डिम्याट नं. |
|---|---|---|
| १ | श्री स्कन्द अमात्य | १३०१३२००००२७०३९ |
| २. | श्री अश्माङ्क कार्की | १३०११७००००९५८४५० |

१.७ **विविध**

विविध तर्फ छलफलका कुनै विषयहरु नभएको जानकारी गराइयो ।

**२ विशेष प्रस्ताव**

२.१ **सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ६ प्रतिशतका दरले रु. १७५,३८५,९४० (अक्षरेपी रु.सत्र करोड त्रिपन्न लाख पचासी हजार नौ सय चालिस मात्र) को बोनस शेयर पारित गर्ने बारे ।**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ६ प्रतिशतका दरले रु. १७५,३८५,९४० (अक्षरेपी रु.सत्र करोड त्रिपन्न लाख पचासी हजार नौ सय चालिस मात्र) को बोनस शेयर पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो । बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व अनुपात (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो । खण्डित शेयरलाई माथिल्लो अंकमा परिणत गरि बोनस शेयर वितरण गर्दा आवश्यक थप शेयर तथा साविककै शेयर अनुपात कायम गर्न आवश्यक थप शेयर गरी कुल ३०,८२८.६ कित्ता शेयर बापत रु.३,०८२,८६० कम्पनीको जगेडा कोषबाट वितरण गर्ने गरी थप शेयर जारी गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरियो । साथै, थप शेयरको कर प्रयोजनको लागि आवश्यक रकम रु.१६२,२५६ थप नगद